म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ९५ २०८० फागुन ११ गते शुक्रबार 23 February 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




# उपमहानगरकै अगाडिको विद्यालयले ४ महिनादेखि एउटा सिफारिस पाएन



समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय हेटौँडा उपमहानगरपालिकाको कार्यालय अगाडि नै छ। तर, सिद्धार्थ माविले एउटा सिफारिसपत्र प्राप्त गर्न नसकेको ४ महिनाभन्दा बढी भएको छ। कर्मचारीको गैरजिम्मेवारीपना र नगरप्रमुखको अनावश्यक हस्तक्षेपका कारण पालिका अगाडिकै सिद्धार्थ माविले शिक्षक सरुवासम्बन्धी सिफारिस पाउन नसकेको हो । पालिकाको असहयोगकै कारण सिद्धार्थ माविमा ४ महिना यता ३ जना शिक्षकको दरबन्दी रिक्त छ।

बुधबार सिद्धार्थ मावि व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरे र सदस्य रामचन्द्र बर्तौला उपमहानगरको शिक्षा महाशाखा प्रमुखसँग सिफारिस पाउन नसकेको भन्दै गुनासो गर्दै हुनुहुन्थ्यो भने महाशाखा प्रमुख हरिचन्द्र सापकोटा नगरप्रमुखको आदेशअनुसार सिफारिस नलेखिएको बताउँदै हुनुहुन्थ्यो । गत कात्तिक ३ गते प्राथमिक तहका शिक्षक शम्भु घर्तीको अनिवार्य अवकास भएपछि रिक्त भएको दरबन्दीमा सरुवा भएर आउन चाहने शिक्षकका लागि पालिकाले विद्यालयको पत्र प्राप्त भएपनि शिक्षा विकास तथा समन्वय इकाईका लागि सिफारिस लेखिदिनुपर्ने व्यवस्था छ।

सिद्धार्थ माविकी शिक्षक धनकुमारी गुरुङले माघ २ गते र बासु भण्डारीले माघ ७ गते स्वेच्छिक अवकास लिनुभएपछि सिद्धार्थ माविमा ३ जना प्रावि तहको दरबन्दी रिक्त छ। दरबन्दी रिक्त र हिरहँदा नियमित पठनपाठनका लागि जनशक्तिको अभाव भइरहेको उल्लेख गर्नुहुँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेले भन्नुभयो, "पालिकाले साह्रै असहयोग गऱ्यो भनेर प्रधानाध्यापकले हामीलाई पठाउनुभयो । हामी त जनताका छोराछोरी पढाउन समस्या भयो भन्दै यहाँ गुहार माग्न आइपुग्यौं।" "नगरप्रमुखले नै भन्नुभएको उम्मेद्वार पनि आउनुभएन, यता सिफारिस पनि पाइएन । कस्तो समस्या हो यो ?" घिमिरेले भन्नुभयो ।

कक्षा १२ सम्म पठनपाठन हुने सिद्धार्थ माविमा दुइ हजार दुइ सय ६७ जना विद्यार्थी अध्ययनरत छन्। सिद्धार्थ माविमा रिक्त रहेको ३ सहित ३६ जना दरबन्दीका शिक्षक छन् भने निजी स्रोतका १४ जना शिक्षक कार्यरत छन् । यस्तै विद्यालयले १२ जना कर्मचारी निजी स्रोतका छन्।

# वाईबालाई खेलकुद पत्रकारिता पुरस्कार



वाईबालाई पुरस्कृत गर्नुहुँदै मन्त्री कुमारी मोक्तान ।

समाज संवाददाता

हेटौँडाः समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददाता रविन्द्र वाईबा पुरस्कृत हुनुभएको छ। छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता समापन समारोहमा वाईबालाई उत्कृष्ट खेलकुद पत्रकारिता पुरस्कार प्रदान गरिएको हो।

समापन समारोहका प्रमुख अतिथि बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले वाईबालाई १५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गर्नुभयो। वाईबा समृद्ध समाज राष्ट्रिय दैनिकबाटै पत्रकारिताको सुरुवात गरी निरन्तर खेलकुद, स्थानीय सरकार, प्रदेश सरकारको विषयमा समाचार लेख्नुहुन्छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## मकवानपुर क्याम्पस बीबीए

# ५ विद्यार्थीले ल्याए ४ जीपीए

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीले उत्कृष्ट नतिजा हासिल गरेका छन् । त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयले बिहिबार सार्वजनिक गरेको बीबीए पाँचौं सेमेस्टरको नतिजामा एकसाथ ५ जना विद्यार्थीले ४ जीपीए ल्याएका हुन्।

मकवानपुर बहुमुखी क्याम्पसकी इरा लामा, इशा श्रेष्ठ, क्रिष्टिना दाहाल, सैय्यद अतिफा हसन र सैय्यद अफिफा हसनले ४ जीपीए ल्याएका हुन्।

पाँचौं सेमेस्टरमा ३३ जना विद्यार्थीले परीक्षा दिएका थिए । परीक्षामा सहभागी सबै विद्यार्थीको राम्रो नतिजा आएको मकवानपुर बहुमुखी क्याम्पसको बीबीए कार्यक्रम निर्देशक मधुकुमार सिंहले जानकारी दिनुभयो। मकवानपुर बहुमुखी क्याम्पसका बीबीए, बीबीएम कार्यक्रममा निरन्तर राम्रो नतिजा हासिल भइरहेको उहाँको भनाइ छ । विद्यार्थीको राम्रो मिहिनेत, प्राध्यापकहरुको सहयोग र अभिभावकको पनि नियमित निगरानी र सहयोगले राम्रो नतिजा हासिल भएको सिंह दावी गर्नुहुन्छ। बीबीए र बीबीएमसँगै अहिले मकवानपुर बहुमुखी क्याम्पसले शिक्षाशास्त्र संकायमा पनि सूचनाप्रविधि सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ।

# प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड फागुन २१ गतेबाट

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आगामी फागुन २१ गतेदेखि हुने भएको छ । प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले एक सूचना प्रकाशन गर्नुहुँदै यही फागुन २१ र २२ गते चितवनको भरतपुरमा प्रतियोगिता हुने जानकारी गराउनुभएको हो ।

आगामी फागुन २८ गतेदेखि ३० गतेसम्म केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएकाले प्रदेशस्तरीय छनौट प्रतियोगिता फागुन २१ र २२ गते हुने सूचनामा उल्लेख गरिएको छ । जिल्लास्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीहरुको विवरण ५ दिनभित्र परिषदमा उपलब्ध गराउन सदस्यसचिव भण्डारीले जारी गर्नुभएको सूचनामा अनुरोध गरिएको छ।

प्रतियोगितामा सहभागी हुन आउने खेलाडीहरुको आवश्यक कागजातसमेत ल्याउन सूचनामा भनिएको छ। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (संशोधनसहित) को अनुसूची-१ बमोजिमको फारम भरेर खेलाडीले नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्यरुपमा ल्याउन सूचनामा उल्लेख गरिएको छ।

# बागमती गोल्डकपको उपाधी मच्छिन्द्रले जित्यो




उपाधि साथ मच्छिन्द्र फुटबल क्लब ।

समाज संवाददाता

फापरबारी (बागमती): पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा आयोजना भएको छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको उपाधी मच्छिन्द्र फुटबल क्लबले जितेको छ । बिहिबार बागमती-८ स्थित जनता माविको खेलमैदानमा भएको फाइनल खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई ४-० गोलअन्तरले हराउँदै मछिन्द्रले उपाधी जितेको हो ।

मच्छिन्द्रको जीतमा विदेशी खेलाडी क्रिष्टोफर चिजोवाले दुई र करिमले एक गोल गरे । खेलको १४ औं मिनेटमा करिमले गोल गर्दै मच्छिन्द्रलाई सुरुवाती अग्रता दिलाएका थिए । यस्तै चिजोवाले खेलको दोस्रो हाफको १२ औं मिनेटमा र १८ औं मिनेटमा गोल गरे । मच्छिन्द्रले एक गोल भने आत्मघाती उपहार पाएको हो। खेलको दोस्रो हाफको १७ औं मिनेटमा विदेशी खेलाडी स्टेफेन समीरको प्रहार एपीएफका डिफेन्डर कुलदीप कार्कीले आत्मघाती गोल गर्न पुगे । उपाधिसँगै मच्छिन्द्रले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टिमले ५ लाख रुपैयाँमा चित्त बुझाएको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मच्छिन्द्रका उत्सव राई घोषित भए । उनले १ लाख १ हजार रुपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक मच्छिन्द्रका प्रदीप भण्डारी, डिफेण्डर एपीएफका कुलदीप कार्की, मिडफिल्डर विशाल तामाङ, फरवार्ड मच्छिन्द्रका हिसुव थपलिया र प्रशिक्षक मच्छिन्द्रका सन्तोष न्यौपाने घोषित भए । विधागत उत्कृष्ट सबैले २५-२५ हजार रुपैयाँ प्राप्त गरेका छन्।

प्रतियोगिताको अवसरमा आयोजकले समृद्ध समाज राष्ट्रिय दैनिकका सञ्चारकर्मी रविन्द्र वाईबालाई उत्कृष्ट खेलकुद पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ। वाईबालाई १५ हजार रुपैयाँसहित सम्मान गरेको हो । यस्तै रेडियो झुरझुरका विवेक सिन्तान, बागमती सन्देशका आशिष बल, गोल नेपालका विक्रम बानियाँ र अनिरुद्ध खबरका अनिल पराजुलीलाई पनि सम्मान गरिएको छ ।

बागमती गाउँपालिकाको खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठको सभाध्यक्षतामा भएको प्रतियोगिता समापन कार्यक्रममा बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, नेपाल खेलकुद महासंघका सचीव किरण राई र बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान लगायतको आतिथ्यता रहेको थियो ।

हार्दिक बधाई




मकवानपुर क्रिकेट संघको आयोजनामा सम्पन्न दोस्रो संस्करणको स्व. निरज श्रेष्ठ स्मृति विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि विजेता हाम्रा प्यारा विद्यार्थी भाइहरु, सहयोगी शिक्षकलाई हार्दिक बधाई ज्ञापन गर्दै औपचारिक शिक्षासँगै खेलकुदमा पनि निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

मोहम्मद समीम
अध्यक्ष, वि.व्य.स.

रामसागर गुरागाई
प्रधानाध्यापक

एवम् आधुनिक राष्ट्रिय मावि परिवार
हेटौंडा-४, मकवानपुर

# सम्पादकीय

## पारदर्शीतामा गम्भीर बन्नुपर्छ

बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका र प्रदेश राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिका पारदर्शीता कायम गर्न गम्भीर हुन सकेको छैन । आम नगरबासीको चासो र सरोकार रहने उपमहानगर कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्न उपमहानगरपालिका उदासिन बन्दै आएको छ । निर्धारित समयमा बैठक नबस्ने र बैठकको निर्णयसमेत सार्वजनिक नगर्ने गरेको भन्दै सञ्चार माध्यम र सामाजिक सञ्जालमा व्यापक विरोध भएपछि उपमहानगरले बैठकको निर्णय सार्वजनिक गर्न थालेको थियो । तर, पछिल्लो बैठक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारणसमेत गरेको उपमहानगर पालिकाले बैठकको निर्णय भने सार्वजनिक गरेन । उपमहानगरपालिका नेतृत्व सुशासनबाट बिमुख हुँदै गएको र पारदर्शीतालाई बेवास्ता गर्दै आएको भन्दै आलोचना बढ्दै गए पनि पारदर्शीताप्रति गम्भीर बन्न सकेको छैन ।

पछिल्लो समय स्थानीय तहमा भ्रष्टाचार र अनियमितताको शृंखला बढ्दै गएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सबैभन्दा बढी स्थानीय तहकै भ्रष्टाचारसम्बन्धी उजुरी पर्नुले पनि स्थानीय तहमा भ्रष्टाचार व्याप्त रहेको पुष्टि गर्दछ । भ्रष्टाचार बढ्नु भनेको सुशासनको कमी हुनु हो । सुशासनको पर्यायको रुपमा पारदर्शीतालाई लिने गरिन्छ । पारदर्शीतासँगै नागरिकमैत्री प्रशासन, जनप्रतिनिधि र कर्मचारीमा सेवाभाव, असल आचरण, अनुशासन, सामाजिक उत्तरदायित्व, सेवाग्राही सन्तुष्टीजस्ता पक्षहरुले सुशासन कायम गर्न मद्दत गर्दछ । सुशासन प्रवर्द्धनका लागि जवाफदेहिता, कानुनी शासन, साधनस्रोतको न्यायोचित वितरण, जनसहभागिताजस्ता पक्षहरु पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । सुशासनका पक्षहरुमध्ये पारदर्शीतालाई बढी महत्व दिने गरिएको छ ।

तीनै तहको सरकार र अन्य निकायद्वारा गरिएका निर्णय र सम्पादन गरिएका क्रियाकलापबारे आम नागरिक सुसूचित हुन पाउनुलाई पारदर्शीता मानिन्छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले पारदर्शीतालाई "जानकारीको आदानप्रदान र खुलारुपमा काम गर्ने प्रणाली"को रुपमा परिभाषित गरेको छ । लोकतान्त्रिक र लोककल्याणकारी सरकारले सार्वजनिक हितका लागि गोप्य

राख्नुपर्नेबाहेक अन्य सबै विषय, सञ्चालन प्रक्रिया र कार्यप्रणाली पारदर्शी गर्नु पर्दछ । सुशासनको सौन्दर्य भनेकै पारदर्शीता र निष्पक्षता हो । अझ स्थानीय सरकार नागरिकको घरदैलोको सरकारको रुपमा रहेका कारण स्थानीय सरकारका काम कारबाहीप्रति नागरिकको चासो बढी हुने गर्दछ । स्थानीय तहले गरेका र गर्न खोजेका क्रियाकलाप सार्वजनिक गर्दै आवश्यक सूचनाको पहुँच सरोकारवालासम्म पुऱ्याउन सकेमा जनमानसमा विश्वासको दायरा फराकिलो बन्छ । यसका लागि स्थानीय सरकारको नेतृत्वले आफूले सम्पादन गरेका काममा नागरिकको प्रतिक्रिया लिएर भविष्यका लागि दिशानिर्देश गर्नेतर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकारको क्रियाकलापबाटै उसको मूल्याङ्कन हुने भएकाले आफूले गरेका र गर्न खोजेका प्रत्येक कामको नियमितरुपमा कार्यतालिका बनाएर तिनलाई सार्वजनिक गरिनु पर्दछ । तर, हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकको निर्णयसमेत सार्वजनिक गर्न नखोज्नुले उपमहानगर नेतृत्वको कार्यशैलीमा आम नगरबासी विश्वस्त हुन सकिरहेका छैनन् । यसले नेतृत्व स्वेच्छाचारी बन्दै गएको मात्र होइन, अनियमितता बढ्दै गएको आशंका बढाएको छ । पारदर्शिता सुशासनको आधार हो भने सुशासन सफल सरकारको चिनारी हो । त्यसैले हेटौंडा उपमहानगर नेतृत्वले सुशासन प्रवर्द्धन गर्न कार्यपालिका बैठकले गरेको निर्णय उपमहानगरले सञ्चालन गरेका गतिविधि सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिनुपर्दछ । कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण गर्ने हिम्मत गरेको हेटौंडा उपमहानगरपालिकाले बैठकको निर्णय सार्वजनिक नगर्दा आम नगरबासीमा अविश्वास बढाएको छ । बैठकका निर्णय समयमै सार्वजनिक गर्ने र उपमहानगरबाट भए गरेका गतिविधिबारे आवधिकरुपमा सार्वजनिक गर्ने परिपाटी स्थापित गर्न उपमहानगर नेतृत्व गम्भीर बनोस् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक प्रयोजनका कामहरु बन्दै जालान् ।
**वृष** : अध्ययन–अध्यापनको कामबाट लाभ ।
**मिथुन** : सामाजिक र धार्मिक काममा सरिक भइनेछ ।
**कर्कट** : अध्ययन–अध्यापनका क्षेत्रमा सफलता प्राप्त ।
**सिंह** : लेखाइ– पढाइका कामहरु सरिक भइने समय छ ।
**कन्या** : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
**तुला** : लेखाइ–पढाइका काममा सरिक भइने समय छ ।
**वृश्चिक** : वैदेशिक रोजगारी प्राप्त हुने समय योग छ ।
**धनु** : पठन–पाठनमा द्विविधा आइपर्ने समय योग छ ।
**मकर** : मनमा कौतुहल र छटपटी रहने समय योग छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मीन** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।

# दलहरु सच्चिएर अगाडि बढ्नुको विकल्प छैन



✍ देवप्रसाद श्रेष्ठ

केपी शर्मा ओली, पुष्पकमल दाहाल, शेर बहादुर देउवा, माधव कुमार नेपाल, बाबुराम, बामदेव, महन्थ ठाकुर, उपेन्द्र यादव, लगायत ठुला नेताहरुले बिगतमा देश र जनताका लागि गरेको त्याग तपस्या निश्चय नै अतुलनीय छ । एकताका यी नेताहरुप्रति अत्यन्त ठुलो सम्मान थियो । यिनीहरुको आगमनमा हजारौं जनताहरु स्वतःस्फूर्त उपस्थित हुन्थे ।

नजिक पुग्न भेटघाट गर्न हानथाप गर्थे । जनताहरुका आस्था जतापट्टी भएपनि आदर र सत्कारका साथ कुरा सुन्थे । परिवर्तनका भागिदार जनताहरु अब देशमा केहि हुन्छ, जनताले सुख पाउने दिन आउँछ भनेर आशावादी थिए । तर, आज देश धोती-न-टोपीको अवस्थामा पुग्न लागेको चर्चा परिचर्चा छ । सारा नेपालीको मन पर्लक्क पल्टिएको छ । यी नेताहरूको नामै सुन्न चाहँदैनन् । अपशब्द पनि बोल्छन् । सामाजिक सञ्जालमा बिरोध र घृणाले रंगिएको छ । यी नेताहरू मात्र होइन अहिलेका कुनै पनि नेता र पार्टीहरुप्रति वितृष्णा र रोश उकेल्छन् । यी ठुला नेताहरुको पार्टीभित्र रहेका सुविधाभोगी नेता र कार्यकर्ता बाहेक इमानदार कोहि पनि सन्तुष्ट छैनन् ।

२०४६ सालको परिवर्तनपछि नेपाली कांग्रेसको बहुमतीय सरकार गिरिजाप्रसाद कोइरालाले विघटन गरेपछि मनमोहन अधिकारीको अल्पमतको सरकार गठन भयो । त्यो सरकारले सुशासनको केही छनक दिन खोजेको थियो । आफ्नो गाउँ आफैं बनाउँ, वृद्धवृद्धाहरुलाई भत्ता वितरणको कार्यक्रम राम्रो सुरुआत थियो । तर यो पनि अल्पमतको सरकार भएकोले यसलाई पनि अविश्वासको प्रस्ताव ल्याएर ढाले ।

त्यसपछि बनेको सरकारलाई बहुमत पुऱ्याउन सांसद खरिद-बिक्रि हुन शुरु भयो । सांसद किनबेचमा नैतिक-अनैतिक जे पनि हुन थाल्यो । यहीँबाट राजनीतिमा विकृति बिसंगति सुरु हुन थाल्यो । सरकार गठनमा सांसदहरुलाई राजश्व मिनाहा गरेर महङ्गा गाडी प्राडो, पजेरो दिनेदेखि होटलमा बस्ने सुबिधा र बैंकक र हङ्कङसम्मको यात्रा गराई सत्ता कब्जा गरे ।

नैतिक-अनैतिक जे गरेर पनि सत्ता टिकाउन पैसा कसरी जम्मा गर्ने, यहि मेसोमा सबै पार्टीका नेताहरू पार्टीको नीति र सिद्धान्तलाई बिर्सेर कमिशनखोर र तस्करको माखे साङ्लोमा जाकिँदै गए । सत्तामा पुग्ने र नपुग्ने दुबै मिलिजुली सजिलोसँग पैसा कमाउन नियम, कानुनहरु आफुअनुकुल बनाउन थाले । हुँदा-हुँदा सत्तामा बसेर मह चाट्न पल्केकाहरुले नेपाली नागरिकलाई शरणार्थी बनाएर बेच्नसम्म भ्याए । लगातारको सुन तस्करी, बालुवाटारको सरकारी जग्गा, गिरि बन्धु टि-स्टेटको जग्गा, गोकर्ण रिसोर्टको जग्गा तारागाउँ रिजेन्सीको जग्गा, चेइज जहाज काण्ड, बोइङ काण्ड, ओम्नि काण्ड, सेक्युरिटी प्रेस खरिद काण्ड, टेराम्याक्स काण्ड, बाँसबारीको जग्गा काण्ड, यसरी अनेकौं काण्डै-काण्ड गरी अकुत सम्पत्ति कमाए । ठेकेदारहरुसँग साँठगाँठ गरेर दुई बर्षमा सक्किने काम दशौं बर्षमा पनि पटक-पटक म्याद थप्दै लागत बढाउँदै देशभरिका बाटा-घाटा, पुल-पुलेसा र निर्माणको काम असरल्ल बनाए । नेताहरुले कमाउन थालेपछि टाठा बाठा घुस्याहा कर्मचारीहरु पनि नेतालाई रिझाएर बिदेशी बैंकमा पैसा कुम्ल्याउन र थन्क्याउन भ्याए । अहिलेको भ्रष्टाचारको शृङ्खलाबद्ध आइरहेको घटनाले भ्रष्टाचार कहाँ छैन भनेर बत्ती बालेर खोज्नुपर्ने भएको छ ।

डाडु-पन्यु आफ्नो हातमा हुने शक्तिशाली नेताहरूले आफ्ना श्रीमती, नीतिगत भ्रष्टाचार गर्ने, प्रधानमन्त्रीहरु सुन तस्करसँग प्रत्यक्ष जोडिएका माथिल्ला नेताहरु र पार्टीका मन्त्रीहरुलाईसम्म जोगाए । गरिब, किसान, मजदुर र साधारण जनतालाई भऱ्याङ बनाएर सत्ता र शक्तिमा पुगेका नेताहरूले आफ्ना लागि आलिसान महल बनाए । जग्गा जमिन जोडे । छोराछोरीलाई विदेशमा पढ्न पठाए । ठेकेदार, व्यापारीहरुसँग जोडिएर लगानी गरे । तर देश र जनतालाई खोक्रो पारे । देशलाई खोक्रो बनाउनमा यिनै नेताहरूको हात छ । जनता देश कंगाल बनाउने भ्रष्ट नेता र भ्रष्टाचारीहरुलाई कठ्घरामा कोचेको हेरेर राहत लिन चाहन्छन् । तर नीतिगत भ्रष्टाचारको नियम कानुन यस्तो बनेको छ कि यिनिहरु कोहि पनि पर्दैनन् । परिहाल्यो भने पछि सत्ता र शक्तिको भरमा उम्काई हाल्छन् ।

सत्ता, शक्ति र पैसाले चुनाव जित्ने र जिताउने परिपाटी रहेसम्म यो अव्यवस्था हट्दैन । आफ्नै ल्याकतले चुनाव जितेका नेता, कार्यकर्ताहरु पनि पैसाको चलखेल अगाडि तेजोबध बनेका छन् । हामीले सर्बहारा वर्गका किसानका, जनजातिका, प्रजातन्त्रवादीका, मधेसी समुदायका थुप्रैलाई यो ३० वर्षको अन्तरालमा सांसद बनायौं । अपवाद बाहेक थुप्रैले शहरहरुमा राम्रा-राम्रा घरहरु बनाए । बिदेश घुमे । च्याँसे अनुहार पुष्ट बनाए । गाडी र कार जोडे ।

गाउँ-घर आउँदा नाक, मुख समेत छोपिने गरी माला लगाए । सत्तामा हुँदा जसरी हुन्छ कमाउधन्दा गर्ने, आसे-पासे पोस्ने, प्रतिपक्षमा हुँदा भागबण्डा पुगेन भनेर विरोध गर्ने धम्क्याउने घुर्क्याउने अहिलेसम्म हाम्रा नेताहरूले गरेका पुरुषार्थ यहि मात्र हो । रोजगारी छैन, व्यापार छैन, उद्योगधन्दा चल्दैन । गाउँमा युवाहरु विदेश भासिए । कृषि व्यवसाय चल्दैन । काम गर्नेको अभावमा खेतबारी बाँझो छ ।

२०४६ सालको परिवर्तनपछि निर्दलीय पञ्चायतबाट उकुसमुकुसमा परेका जनताले प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता, संगठित हुने अधिकार, बन्द व्यापार, वित्तीय व्यवस्था सहकारी, विदेशी व्यापारमा सहज पहुँच र यावत कुरामा सुविधा भएपछि राम्रा मान्छेले राम्रा काम र कमाउधन्दा गर्नेहरूले चोर बाटोको खोजी गरे । यसैको उपज हो चोरी-निकासी, तस्करी, बैंक र सहकारी घोटाला, लूट र भ्रष्टाचारको अनेकौं क्रमबद्ध शृङ्खला । यस्ता क्रियाकलापले यो अबधीमा चारैतिर जनता निराश छन् । नेताहरुप्रति तीव्र आक्रोश छ । कोहि व्यवस्था नै बदल्नु पर्दछ भन्दै आन्दोलनमा होमिएका छन् । एकथरी राजा ल्यायर नारायणहिटिमा राख्ने बित्तिकै रामराज्य हुन्छ भनेर फलाकी रहेका छन् । अर्काथरी हिन्दू राज्य घोषणा गरेपछि सबथोक ठिक हुन्छ भन्छन् ।

एकथरी सामाजिक सञ्जालमा छाइरहने पद र प्रतिष्ठा नपाएका बुद्धिजीवीहरु कहिले ठेगानका कुरा गर्छन् भने बेला-बेलामा निराशा पनि पोखी रहन्छन् । जे भए पनि अहिले सत्तामा बस्नेहरुको अयोग्यता भ्रष्टाचार र मनमानीले जनता चारैतिर वाक्क दिक्क भएका छन् । यो असन्तोष र बिद्रोहलाई आम नेपालीले गम्भीर भएर सोच्नै पर्छ । अहिलेकै नेताहरूले हाँकिरहेको यो अस्थिरता र अराजकता रहिरह्यो भने देश कहाँ पुग्छ, हामी कहाँ पुग्छौं । मौजुदा ठुला पार्टीका नेताहरूले इतिहासलाई सम्झेर विवेक पुऱ्याएर न सच्चिने हो भने यी पार्टीहरु पनि विस्तारै प्रजा परिषद् बिलाए झैं बिलाएर जानेछन् । देशमा थुप्रै पार्टीहरु छन् । अहिलेकै चुनाव पद्दति र सत्ता कब्जा गर्ने नीति रहिरह्यो भने फेरि पनि कसैको बहुमत पुग्दैन । त्यसपछि हुने फेरी अस्थिरता नै हो । थुप्रै समूहमा विभाजित बामपन्थीहरुका नीति र विचारमा विभेद भएपनि लक्ष्य भने एउटै हो । त्यसरी नै लोकतन्त्रवादीहरु पनि विभिन्न समूहमा अलग-अलग झण्डा लिएर विभाजित भएका छन् । यहि मेलो परम्परावादीहरुमा पनि छ । सबै पार्टीहरु सच्चिएर अगाडि बढ्नुको विकल्प छैन । वास्तवमा देश बनाउने पार्टीले नै हो । सिद्धान्तनिष्ठ नेता र कार्यकर्ताले नै हो । अन्यथा न रहे बाँस, नबजे बाँसुरी । यो भ्रष्टाचार, यो अस्थिरता, लथालिङ्ग देशको भताभुङ चाला कतिञ्जेलसम्म रहिरहने हो थाहा छैन ।

# वास्तवमै रिसलाई मान्छेले दबाउन सक्छ ?



✍ पदमराज जोशी/मनोविद



जब हामीलाई झनक्क रिस उठ्छ, तब के गर्छौं ? कराउँछौं, चिच्याउँछौं, तोडफोड गर्छौं, झैं-झगडा गर्छौं । रिस उठ्दा हाम्रो शरीरले जुन प्रतिक्रिया दिन्छ, त्यो कुनै पनि रुपमा फाइदाजनक छैन । यो तथ्य थाहा भएर पनि हामी नरिसाई बस्न सक्दैनौं । वा रिसलाई नियन्त्रणमा राख्न सक्दैनौं ।

हामीलाई रिस उठ्नुमा खासगरी दुई कुरा जिम्मेवार हुन्छन्- जैविक र मनोवैज्ञानिक । रिस हरेक व्यक्तिमा हुने एक किसिमको प्राकृतिक गुण (अवगुण) हो । यसकारण रिस उठ्नु स्वभाविक पनि हो ।

**हामी भन्ने गर्छौं, जब रिस उठ्छ त्यसलाई नियन्त्रण गर्नुपर्छ । कसरी ?**

मनलाई अन्यत्र मोड्नुपर्छ, लामो र गहिरो सास लिनुपर्छ, बाहिर हिंडुल गर्न निस्कनुपर्छ, रमाइलो गीत सुन्नुपर्छ । तर के व्यावहारिक रुपमा यो सम्भव छ ? रिस उठिरहेको बखत हामी त्यसलाई शान्त गर्ने यी विधिहरु खोज्ने गर्छौं ।

रिसको चरणमा पुगेको बेला त्यसलाई हामीले मोड्न कठिन हुन्छ । रिसलाई कुनै न कुनै रुपमा व्यक्त नै गरिन्छ । चाहे मूर्खले होस् वा चाहे विद्वानले नै । रिसको झोंकमा केही न केही गरेकै हुन्छन् ।

**साना-साना कुरामा रिस उठ्छ ? यस्ता छन् नियन्त्रण गर्ने उपाय**

रिसाउनु मानवीय संवेगको एउटा स्थिति हो । शरीरभित्र र बाहिर यसले हानि नै गर्छ । रिसाएको बेला हाम्रो मुटुको गति तीव्र हुन्छ, श्वासप्रश्वास अनियमित हुन्छ । शरीरमा कतिपय यस्ता रसायन पैदा हुन्छ, जसले भित्री अंगको कार्यप्रणालीमा अवरोध पुऱ्याउँछ ।

हाम्रो मस्तिष्कमा एउटा सानो भाग हुन्छ, जसलाई 'आमिग्डाला' भनिन्छ । यसलाई रिसको केन्द्र पनि भन्ने गरिन्छ । मान्छेलाई कुनै कुरामा चित्त नबुझ्दा यही भाग सक्रिय हुन्छ र त्यसमा कुनै न कुनै प्रतिक्रिया जनाउन तम्सिन्छन् ।

रिसले बाहिरी रुपमा जुन असर गर्छ त्यो त हामी सबैले देखे, भोगे, झेलेकै कुरा हो । कराउने, झगडा गर्ने इत्यादि रिसकै नतिजा हुन् । संसारमा आठ अर्ब हाराहारीमा मान्छे छन् र सबैसँग यो अवगुण पनि छ । सबै रिसाउँछन् । रिसलाई कुनै न कुनै रुपले व्यक्त गर्छन् ।

यद्यपि कोही सानोतिनो कुरामा रिसाइरहने हुन्छ भने झिना मसिना कुरामा खासै वास्ता नगर्ने हुन्छन् । कोही पटक-पटक रिसाइरहन्छन् भने कोही त्यस्ता हुँदैनन् । कोही रिसाउनासाथ चिच्याउने, तोडफोड गर्ने हुन्छन् भने कोही रिसाएपछि झट्ट प्रतिक्रिया नजनाउने पनि हुन्छन् ।

यो कुरा मान्छेको पृष्ठभूमि, अवस्था र वातावरणमा फरक पर्छ । साथै शारीरिक र मानसिक स्थिति पनि यसमा जिम्मेवार हुन्छ । कतिपय मानसिक समस्याले गर्दा पनि मान्छेलाई रिस उठिरहने हुनसक्छ ।

सारमा बुझ्नुपर्ने के भने रिस हामी सबैलाई उठ्छ । त्यसलाई हामीले फरक-फरक ढंगले व्यक्त गरिरहेका हुन्छौं । त्यसो भए के रिसलाई नियन्त्रण गर्न सक्छौं ? झनक्क रिस उठ्दा त्यसलाई शान्त तुल्याउने कुनै विधि छ ?

जब रिस उठ्छ, तब लामो सास तान्ने, मनपर्ने किताब पढ्ने भन्ने कुरा त्यति व्यावहारिक छैन । यद्यपि हामीले रिसले शरीरको भित्री प्रणाली र बाहिरी रुपमा पार्ने नराम्रो असरलाई बुझ्न सक्यौं भने रिस उठ्ने स्थितिलाई कम गर्न सक्छौं । रिस उठ्ने परिस्थिति र मनस्थितिलाई बदल्न सक्छौं ।

जस्तो हामीलाई के कुराले रिस उठ्छ ? कुन कुरामा हामी बढी रिसाउँछौं ? यो कुरा पहिल्याउन सकिन्छ । अतः त्यस्ता कुराहरुलाई हामीले बेवास्ता गर्न सक्छौं, जसकारण हामीलाई रिस उठ्छ । साथै त्यस्तो परिस्थिति सिर्जना हुनै दिंदैनौं ।

रिसाउने मान्छेमा मुटुरोगको जोखिम बढी हुन्छ । यसले उच्च रक्तचाप जस्तो कतिपय दीर्घरोग पैदा गर्छ । विभिन्न अध्ययनमा के पाइएको छ भने रिसाइरहने मान्छेको आयु तुलनात्मक रुपमा कम हुन्छ ।

व्यायाम गर्ने, हिंडडुल वा घुमफिर गर्ने, योग ध्यान गर्ने, पुस्तक पढ्ने अभ्यासले रिसको स्थिति आउन दिंदैन ।

*(स्रोतः अनलाईनखबर)*

# "अभिभावकहरूलाई परामर्श र तालिमहरू पनि दिने गरेका छौं ।"

विद्यालय शिक्षाअन्तर्गत चालु शैक्षिक सत्रको अन्तिम चरणमा छौं । विद्यालय शिक्षाको वार्षिक परीक्षाको तयारी भइरहेको छ । आगामी शैक्षिकसत्र २०८१ का लागि पनि विद्यालयले तयारी गर्न सुरु गरेको छ । वार्षिक परीक्षा, विद्यार्थीको पठनपाठन र आगामी शैक्षिक सत्रको योजनाको सन्दर्भमा हेटौंडा-१६, हटियास्थित जनप्रिय माविका शिक्षक संप्रस पौडेलसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**संप्रस पौडेल**
**शिक्षक, जनप्रिय मावि**

**समाज: विद्यालयमा एसईई परीक्षाका लागि विद्यार्थीहरू कस्तो तयारीमा रहेका छन् ?**

**पौडेल**: अहिले एसईई परीक्षाको तयारीका लागि भनी बिहान-बेलुका थप कक्षा सञ्चालन गरेका छौं । विद्यार्थीहरुले विद्यालय समयमा विषयगत अध्ययन गर्ने र थप कक्षामा सेट बुकहरुबाट अभ्यास गर्ने गरेका छन् । अतिरिक्त पुस्तकबाट र प्रश्नहरु जम्मा गरेर परीक्षा लिने र नतिजा विश्लेषण कार्य गरी तयारी चलिरहेको छ ।

**समाज: एसईई परीक्षालाई विद्यार्थीहरूले पहिलाको जस्तो महत्व लिने गरेका छैनन् । जनप्रियका विद्यार्थीहरूले परीक्षालाई कत्तिको महत्व दिँदैछन् ?**

**पौडेल**: विद्यार्थीहरुले एसईई परीक्षालाई महत्वका साथ लिन जरुरी छ । अहिलेको समयमा उच्च शिक्षाका लागि विदेश जाने प्रचलन बढेको छ । त्यसका लागि पनि यो परीक्षाले ठूलो भूमिका खेल्छ । देशमै बसेर पनि केहि बन्न शिक्षाकै महत्व बढि छ । यसलाई विद्यार्थी, अभिभावक, शिक्षक सबैले महत्वको रुपमा लिन जरुरी छ । र, विद्यार्थीहरुले पनि मिहिनेत गरिरहेका छन् ।

**समाज: यस वर्षको एसईई नतिजा कस्तो अपेक्षा गर्नुभएको छ ?**

**पौडेल**: सामुदायिक विद्यालयका विद्यार्थीहरुमा सबैको एकै किसिमको तयारी पुगेको हुँदैन । यसको विविध कारणहरु छन् । कतिपय विद्यार्थीहरु आफ्नो पूर्ण तयारी नभई अपग्रेड भइरहेका हुन्छन् । हामीकहाँ अघिल्लो वर्षको नतिजाहरु हेर्ने हो भने त्यसलाई उछिन्ने नतिजा आउने अवस्था सम्भव छ ।

**समाज: अब परीक्षा पनि नजिक छ, यो समयमा विद्यार्थीहरूले के गर्न जरूरी छ ?**

**पौडेल**: अब धेरै समय छैन । यो समयमा विद्यार्थीहरु र अभिभावक दुबैले ध्यान दिन जरुरी छ । समय व्यवस्थापन, खानपान र निद्राका कुरा छन् । उचित समयसम्म सुत्न पाएन भने पढाईमा निरन्तरता दिन सक्दैनन् । विद्यालयले गर्ने कुराहरु पनि छन् । पहिला सोधिएका प्रश्नहरुको अभ्यास र गाइडको पनि प्रयोग गरेर तयारी गर्न आवश्यक छ ।

**समाज: नयाँ शैक्षिक सत्रको पनि सुरूवाती चरण छ । विद्यालयले यस वर्ष कस्तो तयारी गर्दैछ ?**

**पौडेल**: हामीले भर्ना अभियान सुरु गरिसकेका छौं । बाल कक्षामा साना-साना बालबालिकाहरुको भर्ना सुरु भइसकेको छ । विद्यालयमा मन्टेश्वरी कक्षाका तालिम लिनुभएका शिक्षकहरु संख्यात्मक हिसाबले हुनुहुन्छ । बालबालिकाहरुको लागि खेल्ने सामग्री र मैदानको पनि सुबिधा छ । र, नयाँ शैक्षिक सत्रमा अन्य कक्षाहरुका लागि पनि विभिन्न योजनाहरु बनाएका छौं । अघिल्लो वर्षमा भन्दा यसवर्ष धेरै सुधारहरु गर्नेछौं । पुस्तकालय व्यवस्थापन, साहित्य, खेलकुद र अतिरिक्त क्रियाकलापका क्षेत्रमा विशेष तयारी हुँदैछ । पुराना योजनाहरुलाई निरन्तरता दिने र थप सुधारको योजना लिएर भर्ना अभियान अघि बढ्दैछ । यस विद्यालयबाट उच्च शिक्षाका लागि विद्यार्थीहरु बाहिर जाँदा केहि न केहि सीप लिएर जानेछन् ।

**समाज: विद्यालय प्राविधिक शिक्षालय पनि हो । प्राविधिकतर्फको विद्यार्थीहरूको पनि कस्तो अवस्था छ ?**

**पौडेल**: जनप्रियमा कक्षा ९ बाट प्राविधिक विषय पढाइ हुन्छ भने विभिन्न प्राविधिक विषयको कक्षाहरु सञ्चालन भइरहेको छ । ४० जनाको कोटा हुने हुँदा कक्षा ९ र १० का ४०/५० विद्यार्थीहरु छन् । विद्यार्थीहरुलाई अभ्यासका लागि हामीसँग प्रशस्त स्रोत साधन छ । कृषिका विद्यार्थीहरुलाई जग्गा छ । र, विद्यार्थीहरुलाई पढ्दै कमाउँदै भन्ने अभियानका साथ विद्यार्थी केन्द्रित योजनाहरु प्रभावकारी रहँदै आएको छ ।

**समाज: विद्यालयमा अभिभावकहरूको सक्रियता कस्तो छ ? अभिभावकको भूमिका के हुन्छ ?**

**पौडेल**: हामीले समय-समयमा अभिभावकहरुसँग छलफल गर्ने गरेका छौं । खासगरी किशोरावस्थाका विद्यार्थीहरुलाई विशेष ध्यान दिन जरुरी हुन्छ । अभिभावकहरुले आफ्नो बाबुनानीहरुको संगत र व्यवहारमा ध्यान दिन के गर्ने भनी अभिभावकहरुलाई परामर्श र तालिमहरु पनि दिने गरेका छौं । अभिभावकहरु पनि सहकार्य गर्नुहुन्छ । शिक्षक, अभिभावक र विद्यार्थी सबैको सम्बन्ध राम्रो छ । हुन आवश्यक पनि छ ।


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

MAKAWANPUR BAL BIDYA SADAN
Hetauda-18, Khadkule, Makawanpur

## खोप लगाउने सम्बन्धी अत्यन्त जरुरी सूचना !

यही मिति २०८० फागुन १३ गतेदेखि २० गतेसम्म संचालन हुने दादुरा रुबेला विरुद्धको खोप कार्यक्रम अन्तर्गत यस १८ नं. वडामा रहेका ९ (नौ) महिनादेखि ५ (पाँच) वर्ष उमेर समूहका बालबालिकाहरुलाई दादुरा रुवेला विरुद्धको खोप लगाउन यस विद्यालय केन्द्रमा सहज हुने अभिभावकहरुले तपसिलको मिति, समय र स्थानमा आफ्ना बालबालिकाहरुलाई ल्याई खोप लगाउन हुन हार्दिक अनुरोध गर्दछौं ।

मिति: २०८० फागुन १५ गते, मंगलबार ।
समय: बिहान १०:३० बजे ।
स्थान: मकवानपुर बालविद्या सदन ।

## मासिक शुल्कमा छुट सम्बन्धी सूचना

यस शैक्षिकसत्र २०८० सालको चैत्र महिनासम्मको विद्यालयमा बुझाउनुपर्ने सम्पूर्ण शुल्क एकमुष्ठ रुपमा यहि फागुन महिनाको २० गतेसम्ममा बुझाएमा मासिक शुल्कमा ५% छुट दिईने व्यहोरा सबै अभिभावकहरुमा सूचित गरिन्छ ।

**विद्यालय प्रशासन**


# पूर्णखोप लगाउन ९ प्रतिशत बालबालिका छुट



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशमा ९ प्रतिशत बालबालिकाहरु पूर्णखोप लगाउन छुटेका छन् । एनडीएचएस २०२२ अनुसार बागमती प्रदेशमा ५ महिनादेखि ५ वर्ष मुनिका ९ प्रतिशत बालबालिकाले पूर्णखोप नलगाएका हुन् ।

बिहीबार हेटौंडा-४ स्थित सामना होटलमा राष्ट्रिय दादुरा-रुबेला खोप अभियान २०८० को बारेमा प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उक्त जानकारी दिइएको हो । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा स्वास्थ्य निर्देशनालयका वरिष्ठ मेडिकल सुपरिटेडेन्ट डा. नवीन दर्नालले फागुन १३ गतेदेखि १९ गतेसम्म ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकालाई लगाइने खोपको बारेमा बताउनुभयो ।

बागमती प्रदेशले ८ लाख ४९ हजार ३ सय २५ जना बालबालिकालाई खोप लगाउने लक्ष्य लिएको छ । मकवानपुरका ३ लाख २ हजार ६ सय २५ जना बालबालिका रहेका छन् । दादुरा-रुबेला खोप अभियानको मुख्य उद्देश्य सन् २०२६ सम्म दादुरा-रुबेला रोग निवारण गर्ने रहेको छ ।

कार्यक्रममा डा. दर्नालले बागमती प्रदेशमा ९ प्रतिशत बालबालिकाले पूर्ण खोप नलगाएको जानकारी दिँदै ९५ प्रतिशत हुनुपर्नेमा ८३ प्रतिशत बालबालिकाले मात्र पूर्णखोप लगाएको बताउनुभयो । एनडीएचएस २०२२ अनुसार बागमती प्रदेशमा १६ प्रतिशत बालबालिका पूर्णखोपबाट वञ्चित भएका छन् भने ४ प्रतिशत बालबालिकाहरुले एउटा डोज पनि लगाएका छैनन् । राष्ट्रमा पूर्णखोप लगाउने बालबालिकाको संख्या ५२ प्रतिशत रहेको छ । ९५ प्रतिशत बालबालिका कभरेज हुनुपर्नेमा बागमती प्रदेशमा कभरेज कम भएको छ भने सबै तहमा एकरुपता छैन ।

बागमती प्रदेशले लक्षित उमेर समूहका धेरै बालबालिकाहरु विद्यालयमा हुने भएकाले प्रदेशको काठमाडौं, भक्तपुर, ललितपुर र चितवन जिल्लाका विद्यालयलाई प्राथमिकतामा राखी विभिन्न आधारमा खोप केन्द्र स्थल निर्धारण गरिनेछ । साथै, अन्य ९ वटा जिल्लाका बालबालिकालाई वडाको स्वास्थ्य चौकीमा खोप लगाइनेछ । २६ प्रतिशत बालबालिकाले एक मात्रा खोप पनि नलगाएको बताउँदै डा. दर्नालले दादुरा संक्रमण व्यक्तिहरुमध्ये ७४ प्रतिशत ९ महिनादेखि १५ वर्ष मुनिका बालबालिका रहेको बताउनुभयो ।

यस्तै, १५ वर्ष मुनिका १४ प्रतिशत बालबालिकाको मृत्युको कारण निमोनिया रहेको छ भने विगत ३ वर्षमा पीसीभी खोपको कभरेज कम रहेको डा. दर्नालको भनाइ छ । कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव बद्री खड्काको प्रमुख आतिथ्य रहेको थियो भने स्वास्थ्य निर्देशनालयका निर्देशक दीपक तिवारीको अध्यक्षता रहेको थियो । कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिजार, विश्व स्वास्थ्य संगठन नेपालका प्रदेश स्वास्थ्य अधिकृत हरि भुसाल, विश्व स्वास्थ्य संगठन नेपालको टिमलगायतका स्वास्थ्य प्रतिनिधिहरु उपस्थिति रहेको थियो ।

विभिन्न समुदायमा खोप लगाउन छुटेको हुँदा यसपटक कोहि बालबालिकालाई नछुटाई खोप लगाउने प्रयास गर्ने प्रमुख अतिथि खड्काले जानकारी दिनुभयो । १३ गतेबाट हुने खोप अभियानको तयारी भइसकेको कार्यक्रमका अध्यक्ष तिवारीले बताउनुभयो । फागुन १३ गते बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले सर्वशक्ति विद्यालय, इच्छाकामना, कुरिनटारमा कार्यक्रमको उद्घाटन गर्नु हुनेछ ।

# दुई दिनमा ५ जनाले आत्महत्या गरे

समाज संवाददाता

हेटौंडा: दिन प्रतिदिन आत्महत्याको घटना बढ्दै गएको छ । मकवानपुर जिल्लामा माघ महिनामा ५ जना र फागुन १ गतेदेखि १० गतेसम्म ५ जनाले आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ । बुधबार र बिहीबार मात्रै सिन्धुली, काभ्रेपलाञ्चोक, धादिङ र मकवानपुरमा ५ जनाले आत्महत्या गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-७, सानोपौवामा ३६ वर्षीया सोममाया थोकरले आत्महत्या गरेकी छन् । थोकर मंगलबार बिहान ८ बजेर ३० मिनेटको समयमा घरबाट कोही कसैलाई नसोधी हिँडेकोमा आफन्तले खोजी गर्दै जाँदा बुधबार बिहान १० बजेको समयमा धाराखोल्सी जंगलमा रुखमा झुण्डिएर मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-१, डाँडाथोकमा १७ वर्षीया रिया बास्कोटाले आत्महत्या गरेकी छन् । बुधबार बिहान ८ बजेको समयमा बास्कोटाले आफ्नै २ तले कच्ची घरको भुँईतलाको आफु सुत्ने कोठामा रहेको झ्यालको पर्दा लगाउने हुकमा सलको पासो लगाई झुण्डी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिका-१२, चिप्लेटीमा ३६ वर्षीय नुजराज मगराति मगरले आत्महत्या गरेका छन् । बुधबार दिउँसो २ बजेको समयमा आफ्नै एक तल्ले घरकोकाठको दलिनमा नाम्लोको डोरीको पासो लगाई झुण्डी मृत अवस्थामा मगर फेला परेको प्रहरीले जानकारी दिएको छ । मकवानपुरको बकैया गाउँपालिका-३, बकैयामा ५५ वर्षीय राजमान भम्जनले झुण्डिएर आत्महत्या गरेका छन् । भम्जन बुधबार बिहान ६ बजेर २० मिनेटको समयमा सोही स्थानमा रहेको पुलको रेलिङमा नाईल डोरीको पासो लगाई झुण्डी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मकवानपुरगढी गाउँपालिका-५, बुङदलकी ५६ वर्षीया चिनीमाया दोङले आत्महत्या गरेकी छन् । बिहीबार आफ्नै घर पछाडी पानी ट्याकी राख्ने काठको स्टेनमा झुण्डिएर मृत्यु भएको छ ।

# हेटौंडाका श्रेष्ठको लघुकथा संग्रह पोखरामा सार्वजनिक

समाज संवाददाता

हेटौंडा: हेटौंडाका लघुकथाकार श्यामप्रसाद श्रेष्ठको लघुकथासंग्रह पोखरामा सार्वजनिक गरिएको छ । पोखरामा आयोजित पाँचौं संस्करणको नेपाल-भारत साहित्य महोत्सवमा श्रेष्ठको कथासंग्रह "व्यथाभित्रको कथा" सार्वजनिक गरिएको हो । तीन दिवसीय महोत्सवअन्तर्गत पहिलो दिन बिहिबार कृति लोकार्पणसँगै लघुकथा एवम् काव्य वाचन भएको छ ।

क्रान्तिधरा साहित्य अकादमीद्वारा आयोजित महोत्सवको उद्घाटन सत्रमा हेटौंडाका लघुकथाकार किशन पौडेलको हिन्दी अनूदित लघुकथा कृति "अन्तरदृष्टि" लघुकथा संग्रहको औपचारिक लोकार्पण र समीक्षा समेत गरिएको थियो । गण्डकी प्रज्ञा प्रतिष्ठानका अध्यक्ष पदमराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विशिष्ट अतिथिको रूपमा वीरगन्जका वरिष्ठ साहित्यकार गणेश प्रसाद लाठ, भारतीय दूतावासका अधिकारी सत्येन्द्र दहिया, नेपाल नाट्य तथा सङ्गीत प्रतिष्ठानका पूर्व उपकुलपति सरुभक्त श्रेष्ठ, बर्दघाट प्रज्ञा प्रतिष्ठानको उपकुलपति डा. घनश्याम परिश्रमी, भारत पटनाको वरिष्ठ लघुकथाकार विभा रानीको पनि आतिथ्य रहेको थियो ।

लघुकथा सत्रको प्रमुख अतिथि भाषा आयोगका सदस्य डा. पुष्करराज भट्ट हुनुहुन्थ्यो । विमोचित कृतिमाथि डा. भट्ट र भारतका वरिष्ठ साहित्यकार विभा रानी श्रीवास्तवले चर्चा गर्नुभएको थियो । क्रान्तिधरा साहित्य अकादमीका संस्थापक अध्यक्ष विजय पण्डितको संयोजकमा आयोजित कार्यक्रममा वरिष्ठ काव्यकार डा. बलराम उपाध्याय रेग्मीको सभाध्यक्षतामा सञ्चालन गरिएको थियो ।


# हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# १० विद्यालयमा खेल्दै सिक्दै परियोजना सकियो



खेल्दै सिक्दै परियोजनामा सहभागी शिक्षक युक्तलाल विश्वकर्मालाई प्रशंसापत्र प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरका १० वटा विद्यालयमा "खेल्दै सिक्दै" परियोजना सकिएको छ । विद्यार्थीमैत्री वातावरणमा क्रियाकलापमा आधारित प्रभावकारी सिकाईलाई प्रोत्साहन गर्ने गरी काठमाडौंको कारखाना समूहले "खेल्दै सिक्दै" परियोजना सञ्चालन गरेको थियो । सात महिना शिक्षक र विद्यार्थीसँग विविध क्रियाकलाप गरेर विद्यालयको कक्षाकोठामा शिक्षक र विद्यार्थी बीच सिक्ने-सिकाउने प्रक्रियामा सहजीकरण गरेको परियोजनाको अन्त्यमा कारखाना समूहले शिक्षकहरुका लागि कार्यशाला, विद्यार्थीको प्रदर्शनी र परियोजनाको विषयमा बहसको आयोजना गरिएको थियो ।

गत शनिबार एक कार्यक्रमबा बीच कारखाना समूहले सहकार्य गर्ने विद्यालय, शिक्षक र वडा कार्यालयलाई समेत प्रशंसापत्र प्रदान गरेको थियो । कारखाना समूहका निर्देशक हशिन शाक्यको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा हेटौँडा-५ स्थित रिगल हेटौँडा रिसोर्टमा समापन समारोह भएको थियो । समापन समारोहमा १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तानको पनि आतिथ्य रहेको थियो । खेल्दै सिक्दै परियोजना हेटौँडाका ७ वटा समुदायिक विद्यालय र ३ वटा निजी विद्यालयमा सञ्चालन गरिएको थियो ।

परियोजना समापन समारोहअघि गत शुक्रबार हेटौँडा-१६, हटियास्थित जनप्रिय माविमा तीन वटा समूहमा शिक्षकहरुका लागि कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा भावनात्मक परिपक्वताका विषयमा डा. भावना शाक्यले सहजीकरण गर्नुभएको थियो भने संकेतार्थ तथा सूचना प्रविधिसम्बन्धमा स्मार्ट चेलीकी संस्थापक प्रतिक्षा पाण्डेले सहजीकरण गर्नुभएको थियो । यस्तै काठमाडौं विश्वविद्यालयकी प्राध्यापक डा. मिनाक्षी दाहालले "खेल्दै सिक्दै" विषयको सहजीकरण गर्नुभएको थियो ।

खेल्दै सिक्दै परियोजना प्रभावकारी रहेको ठहर गर्दै यसलाई पालिकाको समेत सहयोगमा सबै विद्यालयमा विस्तार गर्न आवश्यक रहेको जनप्रिय माविका शिक्षक युक्तलाल विश्वकर्मा बताउनुहुन्छ । परियोजनामा सहभागी विद्यार्थीले पनि खेल्दै सिक्दै परियोजनाले सिक्ने, बुझ्न प्रेरित गरेको र सिकाई, बुझाई पनि प्रभावकारी भएको प्रतिक्रिया दिएका छन् । कारखाना समूहका निर्देशक हशिन शाक्यले पालिकासँगको सहकार्यमा परियोजनालाई निरन्तरताका साथै थप विस्तार गर्दै लैजान सकिने प्रतिक्रिया जनाउनुभएको छ ।

# कालीदेवी आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री



शैक्षिक सामग्री हस्तान्तरणपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित ब्रहमदिक् एकेडेमीका विद्यार्थीले मकवानपुरगढी गाउँपालिका-६, घोप्टेवेशीस्थित कालीदेवी आधारभूत विद्यालयका ५२ जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेका छन् । ब्रहमदिक् एकेडेमीमा ९ कक्षामा अध्ययनरत विद्यार्थी र शिक्षक प्रतिनिधि बुधबार कालीदेवी आधारभूत विद्यालयमै पुगेर सहयोग सामग्री हस्तान्तरण गरेको हो ।

कालीदेवी आधारभूत विद्यालयमा बाल विकास कक्षादेखि ४ कक्षासम्म अध्ययनरत सबै विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो । कक्षा-९ मा अध्ययनरत विद्यार्थीले सामाजिक शिक्षा विषयको बुझाईमा सहयोग पुग्ने अपेक्षासहित विपन्न वर्गका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोगको कार्यक्रम गरिएको विद्यालयले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको उपस्थितिमा सहयोग सामग्री हस्तान्तरण गरिएको हो । कार्यक्रममा ब्रहमदिक् एकेडेमीका सामाजिक शिक्षा विषय शिक्षक भोलाप्रसाद शिवाकोटी, शिक्षकहरू राजेश महतो, अमित क्षेत्री र स्मृति लम्सालको पनि उपस्थिति रहेको थियो ।

# एचएसएम एथ्लेट मिट-२०२४ सुरु



दौड प्रतियोगितामा विजयी खेलाडीहरु पदक प्राप्त गरेपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले एचएसएम एथ्लेट मिट २०२४ को आयोजना गरेको छ । बिहिवार बिहान हेटौँडा-४, हुप्रचौरमा म्यानेजमेन्टका व्यवस्थापन समिति अध्यक्ष देवप्रसाद श्रेष्ठले एथ्लेट मिटको उद्घाटन गर्नुभयो । शनिवारसम्म सञ्चालन हुने एथ्लेट मिटमा एथ्लेटिक्सका विविध खेलकुद प्रतियोगिता हुने बताइएको छ ।

कक्षा ११ र १२ मा वाणिज्य र विज्ञान संकाय तथा स्नातक र स्नात्तकोत्तर तहमा वाणिज्य संकायमा पठनपाठन हुने म्यानेजमेन्टले म्यानेजमेन्टले हरेक वर्ष एथ्लेट मिट गर्दै आएको छ । हेटौँडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्की, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधवप्रसाद तिमल्सिना, मकवानपुर जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डे, मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख माधव कोइरालाको पनि आतिथ्य रहेको थियो ।

# क्योकोसिन कराँते प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौँडा: नेपाल खेलकुद महासंघको १४ औं स्थापना दिवसको अवसरमा भएको जिल्लास्तरीय क्योकोसिन कराँते प्रतियोगिता सम्पन्न भएको छ । शुक्रबार हेटौँडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा प्रतियोगिता भएको हो ।

पुरुषतर्फको २५ केजी तौल समूहबाट स्वीकृत खतिवडा प्रथम, रिसुक राई द्वितीय र समीर थिङ तृतीय भएका छन् । पुरुषतर्फको ३० केजी समूहबाट अंकित बल प्रथम, ओम रुम्बा द्वितीय, अर्जुन थिङ तृतीय र कृषड सिंह ठकुरी चौथो भएका छन् ।

पुरुषतर्फ ३५ केजी तौल समूहबाट आशीष खड्का प्रथम, शिव वाईबा द्वितीय, आवेग लोप्चन तृतीय र निर्माण लामा चौथो भएका छन् । पुरुषतर्फको ४५ केजी तौल समूहबाट समीर विश्वकर्मा प्रथम, शिशिर मगर द्वितीय, सजन घिसिङ तृतीय र सुवित महतो चौथो भएका छन् ।

महिलातर्फको ३० केजी तौल समूहबाट रश्मु श्रेष्ठ प्रथम, सुप्रिया खतिवडा द्वितीय, सविना गोले तृतीय र सोमिया लामा चौथो भएकी छिन् । महिलातर्फ ३५ केजी तौल समूहबाट युना आले मगर प्रथम, विमला मोक्तान द्वितीय, शिखा चौलागाई तृतीय र सुविना गोले चौथो भएकी छिन् । महिलातर्फको ५० केजी तौल समूहबाट साधना लोप्चन प्रथम, सुजिला लामा द्वितीय, मेलिना चौलागाई तृतीय र दीपिका मोक्तान चौथो भएकी छिन् ।

प्रतियोगितामा महिला तथा पुरुष गरी करिब ७० जना खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका खेलाडीहरुलाई शनिबार हुने नगर अधिवेशनमा शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

पछिल्लो समय फुटबल खेललाई मात्र प्राथमिकता दिएकाले कराँतेको नयाँ जुनियर खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरेको आयोजकले जनाएको छ । आर्थिक स्रोतको कमी भएता पनि कराँते खेलको विकास गर्न स्थानीय तहबाट खेलाडीलाई कराँतेको महत्वबारे जानकारी दिनका लागि पनि प्रतियोगिताको आयोजना गरेको हो ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा नेपाल खेलकुद महासंघका अध्यक्ष सविन मोक्तानको सभाध्यक्ष तथा खेलकुद महासंघका केन्द्रीय महासचिव धरम लामाको प्रमुख आतिथ्य रहेको थियो । उद्घाटन कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गी, पूर्वअध्यक्ष सान् लामा, हेटौँडा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, नगर खेलकुद विकास समितिका पूर्वअध्यक्ष चन्द्र शाहीलगायतको उपस्थिति रहेको थियो ।

# १७६ जनाको निःशुल्क आँखाको शल्यक्रिया

समाज संवाददाता

हेटौँडा: हेटौँडा समुदायिक आँखा अस्पतालद्वारा दुई दिनमा एक सय ७६ जनाको निःशुल्क आँखाको मोतिबिन्दुको शल्यक्रिया गरिएको छ । अस्पतालले बारा जिल्ला र मकवानपुरमा ३ दिन गरेको शिविरबाट पहिचान भएका मोतिबिन्दु बिरामीको निःशुल्क शल्यक्रिया गरेको हो ।

अस्पतालले आज बिहीबार ५४ जनाको निःशुल्क आँखाको शल्यक्रिया गरेको अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत सुधीर श्रेष्ठले जानकारी दिनुभयो । यस्तै, अस्पतालले हिजो बुधबार १ सय २२ जनाको निःशुल्क आँखाको शल्यक्रिया गरेको थियो ।

रोटरी क्लब अफ मकवानपुर र रोटरी क्लब अफ काठमाडौं मिड टाउनको आयोजनामा भएको शिविरमा पहिचान भएका मोतिबिन्दु बिरामीको आँखाको शल्यक्रिया गरिएको हो । शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो । शिविर मकवानपुर जिल्लाको मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाको पदमपोखरीमा भएको थियो भने बारा जिल्लाको मधुवन, विन्दावन र महागढीमाइमा भएको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# सिटी कलेजको खेलकुद महोत्सव सुरु

समाज संवाददाता

हेटौँडा:हेटौँडा-५, पिप्लेस्थित सिटी कलेजको खेलकुद महोत्वस सुरु भएको छ । बिहीबारबाट सुरु भएको खेलकुद महोत्वको उद्घाटन विद्यालय व्यवस्थापन समितिका संस्थापक अध्यक्ष रमिता पाण्डेको सभाध्यक्ष तथा जिल्ला प्रहरी कार्यालका प्रमुख एसपी सीताराम रिजालको प्रमुख आतिथ्यमा भएको हो ।

महोत्सवमा कलेजका करिब १ सय ५० जना विद्यार्थीहरुको सहभागिता रहेको छ। महोत्सवमा बिहीबार पुरुषतर्फको सटपुटमा मधुसुदन अर्जेल प्रथम, रोशन चौधरी द्वितीय र मधुसुदन उप्रेती तृतीय भएका छन् । महिलातर्फको सटपुटमा आयुष अधिकारी प्रथम, विनिता स्याङतान द्वितीय र दीपाश्मा सुवेदी तृतीय भएकी छिन् । पुरुषतर्फको म्याराथनमा सञ्जीव लामा प्रथम, श्याम घलान द्वितीय र राहुल ओझा तृतीय भएका छन् ।

महोत्सवअन्तर्गत शुक्रबार भलिबल, क्रिकेट, फुटबललगायत खेलहरु हुने आइटी विभागका प्रमुख सुमन्त सिलवालले जानकारी दिनुभएको छ । विद्यार्थीको रुचि, क्षमता अभिवृद्धि गर्ने तथा विद्यार्थीहरुलाई बाहिरी माहोलमा समावेश गराउने उद्देश्यले क्याम्पसले विगत ९ वर्षदेखि खेलकुद महोत्सवको आयोजना गर्दै आएको सिलवालले बताउनुभयो । कलेजले हेरेको शुक्रबार अतिरिक्त क्रियाकलापको आयोजना गर्ने गरेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई शनिबार समापन कार्यक्रममा शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगिताको उद्घाटन कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसका पूर्वप्रशासन प्रमुख सत्यनारायण सिलवाल र एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डेको पनि उपस्थिति रहेको थियो ।

# मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका-२ स्थित सिद्धार्थ माविमा मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । बिहीबार रोटरी क्लब अफ हेटौंडाको आयोजनामा मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको क्लबका सचिव किशोर पराजुलीले जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय रोटरी क्लबको ११२ औं वार्षिक उत्सवको अवसरमा भएको कार्यक्रममा विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीहरुको सहभागिता रहेको थियो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक डा. सुरेन्द्र शेरचनले कार्यक्रमको सहजीकरण गर्नुभएको हो ।

रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष स्वागतराज प्याकुरेलको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा रोटरी क्लब अफ हेटौंडाका पूर्वअध्यक्ष रामप्रसाद शर्मा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरे, विद्यालयका प्रधानाध्यापक मोहन शर्माको उपस्थिति रहेको थियो । रोटरी क्लब अफ हेटौंडाको साप्ताहिक कार्यक्रममा अभिमुखीकरण कार्यक्रम आयोजना भएको हो । क्लबले यस पटक मानसिक स्वास्थ्यलाई प्राथमिकता दिएको पराजुलीले बताउनुभयो ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ